# काठमाडौं महानगरपालिका

**ꣿ महानगरपालिक**

## नगर कार्यपालिकाको कार्यालय

काठमाडौं प्लाजा, कमलपोखरी, काठमाडौं, वागमती प्रदेश, नेपाल

(विपद् व्यवस्थापन विभाग)

पत्र संख्या:२०८३/०८४
चलानी नं: Disaster-36

मितिः२०८३/०६/०७
ने.सः ११४६,ञँलाथ्व द्वादसि

श्री वडा कार्यालय सबै,
काठमाडौं महानगरपालिका।

<u>विषयः आगामी विपद्जन्य जोखिमको पूर्वतयारी तथा सतर्कता अपनाउने सम्बन्धमा।</u>

प्रस्तुत सम्बन्धमा, जल तथा मौसम विज्ञान विभागवाट प्राप्त पछिल्लो मौसमसम्बन्धी सूचना विवरणअनुसार २०८३ आश्विन ९ देखि ११ सम्म भारी वर्षा भई डुवान, बाढी तथा अन्य विपद्जन्य जोखिम उत्पन्न हुन सक्ने देखिन्छ। यसै सन्दर्भमा मिति २०८३/०६/०७ गते वसेको काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन समितिको वैठक निर्णयवमोजिम विपद्जन्य घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि वडा तहमा आवश्यक पूर्वतयारी तथा सतर्कता अपनाउन देहायबमोजिम गर्न/गराउन हुन अनुरोध छ।

- वडा विपद् व्यवस्थापन समितिको वैठक तत्काल आयोजना गरी वडामा हुन सक्ने सम्भावित विपद्को अवस्था, जोखिम क्षेत्र, उपलब्ध जनशक्ति, साधनस्रोत तथा आवश्यक प्रतिकार्यको समीक्षा गरी आवश्यक तयारी मिलाउने।
- जल तथा मौसम विज्ञान विभाग तथा काठमाडौं महानगरपालिकाको आधिकारिक वेबसाइट/सूचना प्रणालीमा नियमित रूपमा प्राप्त हुने मौसम, वर्षा तथा विपद्सम्बन्धी सूचना हेरी सोहीअनुसार वडा तहमा आवश्यक पूर्वतयारी तथा सतर्कता अपनाउने।
- मौसम तथा वर्षासम्बन्धी थप जानकारी आवश्यक परेमा जल तथा मौसम विज्ञान विभागको टोल फ्री नं. ११५५ मा सम्पर्क गर्ने।
- विपद्सम्बन्धी सूचना तथा आवश्यक सहयोगका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोल फ्री नं. १२३४ मा सम्पर्क गर्ने।
- आपतकालीन अवस्थामा आवश्यक सहयोगका लागि सम्बन्धित सुरक्षा निकायसँग तत्काल समन्वय गर्ने।

> नेपाल प्रहरी कन्ट्रोल : १००
> सशस्त्र प्रहरी बल, नेपाल : ११४
> काठमाडौं महानगरपालिका कल सेन्टर : ११८० / १६६००१०५५११
> महानगर प्रहरी वल नियन्त्रण कक्ष : ९८५१३५६५०९

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
(विपद् व्यवस्थापन विभाग)

पत्र संख्या:२०८३/०८४
चलानी नः Disaster-36

मिति:२०८३/०६/०७
ने.सः ११४६,ञलाथ्व द्वादसि

- वडामा यसअघि पहिचान गरिएका डुबान, बाढी, खोलानाला, कमजोर संरचना, जोखिमयुक्त बस्ती तथा अन्य सम्भावित विपद् जोखिम क्षेत्रहरूमा निगरानी बढाउने र आवश्यक देखिएमा सम्वन्धित सुरक्षा निकायसँग समन्वय गरी तत्काल आवश्यक कार्य गर्ने।
- रातिको समयमा भारी वर्षा भइरहेको अवस्थामा वडाभित्रका सम्भावित जोखिमयुक्त खोलानाला तथा नदीको जलस्तरको अवस्था निगरानी गर्ने व्यवस्था मिलाउने तथा जोखिम बढेको अवस्थामा सम्बन्धित समुदायलाई समयमै सचेत गराउने।
- जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने नागरिक, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहको अवस्थाबारे आवश्यक जानकारी राखी आवश्यक परेमा तत्काल उद्धार/सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने व्यवस्था पूर्वतयारी अवस्थामा राख्ने।
- वडा कार्यालयमा उपलब्ध विपद् प्रतिकार्य सामग्री, उद्धार सामग्री तथा अन्य आवश्यक साधनस्रोत तयारी अवस्थामा राख्ने र आवश्यक पर्दा तत्काल परिचालन गर्न सकिने व्यवस्था मिलाउने।
- वडामा कुनै विपद् घटना भएमा घटनाको स्थान, प्रकृति, प्रभावित परिवार/व्यक्ति, आवश्यक उद्धार तथा राहतको अवस्था लगायतका प्रारम्भिक विवरण तत्काल सम्वन्धित निकायमा जानकारी गराउने।
- वडा तहबाट प्राप्त हुने सूचना तथा अद्यावधिक विवरण विपद् व्यवस्थापन विभागसँग निरन्तर समन्वय गरी आदानप्रदान गर्ने तथा आवश्यक सहयोग/समन्वयका लागि विभागलाई जानकारी गराउने।
- वडामा कार्यरत जनप्रतिनिधि, कर्मचारी, महानगर प्रहरी, स्वयंसेवक तथा सम्वन्धित सरोकारवालाबीच आपतकालीन सम्पर्क तथा समन्वय संयन्त्र सक्रिय राख्ने।

प्रविण प्याकुरेल
महाशाखा प्रमुख
विपद् व्यवस्थापन विभाग

काठमाडौं प्लाजा, काठमाडौं, नेपाल । फोन नं: ५९०९०७६,
इमेल: disaster@kathmandu.gov.np , mayor@kathmandu.gov.np, वेबसाइट:www.kathmandu.gov.np